नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref No.

मिति : २०७७/०७/१४

## बैंक तथा वित्तीय संस्थाहरूको लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) मा लागु गरिएको Carve-out सम्बन्धी सूचना

बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देखिएका समस्या समाधान गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन २०५३ (पहिलो संशोधन २०५९) को दफा ११ (ड) अनुसार संस्थाले केही नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standard) हरुमा निश्चित समयावधिको लागि सात वटा Carve-out लागु गर्न मिति २०७५/०५/३१ मा निर्णय गरेको तथा सोही प्रयोजनको लागि उपरोक्त मध्ये एउटा Carve-out मा समयावधि थप र अन्य थप दुई वटा Carve-out लागु गर्न मिति २०७७/०३/३० मा निर्णय गरी सोको जानकारीको लागि यस अघि नै सूचना प्रकाशन गरिसकिएको व्यहोरा सबैमा अवगत छ। यस संस्थाबाट उपरोक्त बाहेक Carve-out सम्बन्धी अन्य कुनै पनि निर्णय नभएको सम्बन्धित सबैमा जानकारी गराईन्छ।

नेपाल राज्यको लेखा व्यवसायको नियमनकारी निकायको रुपमा रहेको यस संस्थाका कुनै पनि सदस्यले उक्त निर्णय भन्दा भिन्न रहेर कुनै पनि निकायको वित्तीय विवरण प्रमाणित गरेमा उक्त सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावलि २०६१ को नियम ६४ (ग) को व्यवस्था पालना नगरेको मानिनेछ र नियम बमोजिम आवश्यक कारबाही हुने समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

हाल विद्यमान रहेका Carve-out सम्बन्धी सूचनाहरु निम्न बमोजिमको Link मा गई हेर्न सकिनेछ।

https://ican.org.np/_uploads/_downloads/_files/3/70190bd56c65da5e9a6477102ba47eb9.pdf

https://ican.org.np/_uploads/_downloads/_files/3/3400ee040355c9ca489e027461464c4f.pdf

माथि उल्लेखित बाहेक अन्य कुनै थप Carve-out लागु गर्ने सम्बन्धि निर्णय भएमा सो को सूचना तुरुन्त प्रकाशन गरिने समेत जानकारी गराईन्छ।

(सिए. संजय कुमार सिन्हा)
**कार्यकारी निर्देशक**

Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np
**Branch Offices:**
Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ntc.net.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np